आज मिति २०८०/०६/०५ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २ | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री सन्त बहादुर मगर | वडा नं १ वडा अध्यक्ष |
| ४ | | श्री पञ्च बहादुर प्रजा | वडा नं २ वडा अध्यक्ष |
| ५ | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं ३ वडा अध्यक्ष |
| ६ | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं ४ वडा अध्यक्ष |
| ७ | | श्री तेज बहादुर शेरचन | वडा नं ५ वडा अध्यक्ष |
| ८ | | श्री लक्ष्मण प्रजा | वडा नं ६ वडा अध्यक्ष |
| ९ | | श्री बम बहादुर थापा मगर | वडा नं ७ वडा अध्यक्ष |
| १० | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११ | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२ | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३ | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४ | | श्री राज कुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५ | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६ | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिव |

**अन्य उपस्थितिः**

१. श्री तेज कुमार धमला,अधिकृत छैटौं

२.

# कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: २७

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।०६।०५

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०६।०५ | ११:०० | विपद बाट प्रभावितलाई राहत उपलब्ध गराउने सम्बन्धमा । | विपद व्यवस्थापान शाखा | १ |
| २०८०।०६।०५ | ११:०५ | इच्छाकामना अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा। | स्वास्थ्य शाखा | २ |
| २०८०।०६।०५ | ११:२० | आर्थिक समृद्धिका लागि सामाजिक परिचालन कार्यक्रम कार्यविधि, २०८० सम्बन्धमा। | सामाजिक विकास शाखा | ३ |
| २०८०।०६।०५ | ११:३५ | कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको लागि छनौट भएको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा। | कृषि विकास शाखा | ४ |
| २०८०।०६।०५ | ११:४० | इच्छाकामना– ६,तुन्तेस स्थित ८ घरको बस्ती स्थानान्तरण गर्ने सम्बन्धमा। | भवन तथा बस्ती विकास शाखा | ५ |
| २०८०।०६।०५ | ११:४५ | ह. स. चा. सेवा करारमा लिने सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| २०८०।०६।०५ | ११:५० | इच्छाकामना गाँउपालिका नगर प्रहरी छनोट सम्वन्धी कार्यविधि,(पहिलो संशोधन), २०८० सम्बन्धमा। | प्रशासन शाखा | ७ |

पूर्व बैठकको समीक्षा

मिति २०८०।०५।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

२७ औं गाउँकार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १ वर्षाको समय सकिन लाग्दा पनि विभिन्न वडाका विकट स्थानहरुमा पहिरो गई बस्तिहरु जोखिममा परेकोले त्यस्ता स्थानमा थप जोखिम रोकथामका लागि ग्याविन जालीको व्यवस्था सम्बन्धित वडाकार्यालयले मिलाउने ।

निर्णय नं. २ इच्छाकामना अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० स्विकृत गर्ने ।

निर्णय नं. ३ आर्थिक समृद्धिका लागि सामाजिक परिचालन कार्यक्रम कार्यविधि,२०८० थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं. ४ कृषि एम्बुलेन्स सञ्चालन साझेदारी कार्यक्रमको लागि वडा नं. १ को श्री सिराइचुली कृषि सहकारी संस्था लि. र वडा नं. ६ को श्री चण्डिभञ्ज्याङ सामाजिक उद्यमी महिला सहकारी संस्था लि.लाई छनौट गर्ने ।

निर्णय नं. ५ इच्छाकामना– ६,तुन्तेस स्थित जोखिममा रहेका ८ घरको वस्तीलाई भवन तथा वस्ती विकास शाखासँगको समन्वयमा सम्बन्धित वडाले सुरक्षित स्थानमा अस्थाइ बसोवासको लागि आवश्यक व्यवस्था मिलाउने । अस्थाई आवासको प्रवन्ध गर्न लाग्ने खर्च सम्बन्धित वडा कार्यालयले नै खर्च लेख्ने ।

निर्णय नं. ६ दैनिक ज्यालादारीको रुपमा हलुका सवारी चालक पदमा कार्यरत महाशिला-४,पर्वत जिल्ला स्थायी ठेगाना भएका श्री मिन बहादुर क्षेत्री लाई मिति २०८०/०६/०१ गते देखि लागु हुने गरी निजको सेवालाई सेवा करारमा लिने गरी सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ७ इच्छाकामना गाउँपालिका नगर प्रहरी छनौट सम्बन्धी कार्यविधि,(पहिलो संशोधन),२०८० स्विकृत गर्ने ।